# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

## United Nations Convention on Rights of Persons with Disabilities (UNCRPD)

### चित्र सहितको पढ्न सजिलो किताब



UNPRPD
Partnership on the Rights of Persons with Disabilities

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

## United Nations Convention on Rights of Persons with Disabilities (UNCRPD)

## प्रकाशक

संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम, नेपाल
United Nations Development Programme, Nepal (UNDP Nepal)
फोन नं.: +९७७ ०१ ५५२३ २००
इमेलः registry.np@udp.org
वेबसाइटः www.np.undp.org

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ, नेपाल
Parent Federation of Persons with Intellectual Disabilities (PFPID Nepal)
फोन नं.: ०१ ४५१६४७३
इमेलः info@pfpid.org.np
वेबसाइटः www.pfpid.org.np

## प्रथम संस्करण

२०७७ असार

## सहयोग

United Nations Partnership on the
Rights of Persons with Disabilities (UNPRPD)

## अनुवाद

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ, नेपाल
[Based on PFPID Document]

## समिक्षा

PFPID Nepal: राजु बस्नेत, भुषणराज राउत, विद्या गौतम
UNDP Nepal: बिन्दा मगर, ऋचा रञ्जितकार, गीताञ्जली राई

## चित्राङ्कण तथा लेआउट

दि प्रिन्ट क्लाउड प्रा.लि.
फोन नं.: +९७७ ०१ ५५५१ ९६१ / ९८५१० ४०७०४
वेबसाइटः www.theprint.cloud

# पुस्तक कस्का लागि ?

---

सूचना हरेक नागरिकको अधिकार हो । मानव विविधता अनुसार व्यक्तिले आफ्नो आवश्यकताका आधारमा उपयुक्त अनुकूलता अनुसार सूचना प्राप्त गर्दछन । सुनेर, देखेर, हेरेर, स्पर्श सङ्केत आदिका माध्यमबाट सूचना प्राप्त हुन्छ । त्यस्तै, संयुक्त राष्ट्रसंघ सीआरपीडी समितिले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले सजिलोसँग सूचना प्राप्त गर्ने विधि सचित्र सरल ठूला छापा (Easy to read) पद्धति निर्धारण गरेको छ । सोही विधि अनुसार यो पुस्तक अपाङ्गतामध्ये बौद्धिक अपाङ्गता भएका व्यक्ति (स्व-वकालतकर्ता) हरूको अध्ययनका लागि तयार गरिएको हो ।

# पुस्तक कहाँ र कसरी प्रयोग गर्ने ?

यो पुस्तक अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको सरलीकृत रूप सचित्र सरल ठूला छापा (Easy to read) विधिमा तयार गरिएको हो । बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरू सहभागी हुने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिका बारेमा सचेतना, तालिम, गोष्ठी, कार्यशाला र स्व-कालतकर्ताहरूको क्षमता विकास कार्यमा काम गर्ने सहजकर्ताहरूका लागि उपयोगी बन्ने विश्वास गरिएको छ। यो पुस्तकका माध्यमबाट बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले UNCRPD का बारेमा जानकारी प्राप्त गरी नीतिगत परिवर्तन र सेवा सुविधाको दाबी गर्न सामान्य जानकारी प्राप्त गर्न सक्नेछन ।

# अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सहज पढाइ संस्करण

यो सहज पढाइ संस्करण उक्त पूर्ण महासन्धिमा आधारित निर्देशिका हो। यो कानुनी कागजात (सामग्री) चाहिँ होइन। महासन्धिले खास के भन्छ वा पक्ष देशहरुले के कुरामा हस्ताक्षर गरेका छन् भन्ने कुरा थाहा पाउन पूर्ण महासन्धि कागजात हेर्नु आवश्यक हुन्छ। महासन्धिको पूर्ण पाठ हेर्न तपाईंले यूएन इनेबल वेबसाइट www.un.org/disabilities/ लगइन गर्न सक्नुहुन्छ। महासन्धिको पूर्ण नाम सयुक्त राष्ट्रसंघीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि हो। तपाईंले यसलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी सयुक्त राष्ट्रसंघीय महासन्धि भनी सुन्न र देख्न सक्नहुन्छ।

# यस पुस्तकमा के रहेको छ



| | | पेज नं |
|---|---|---|
|  | १. यस महासन्धिमा | १ |
|  | २. यस महासन्धिमा भएका शब्दहरूको अर्थ के हो ? | २ |
|  | ३. आधारभूत सिद्घान्तहरू | ४ |
|  | ४. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले के गर्नु पर्दछ ? | ७ |
|  | ५. समानता | ११ |
|  | ६. अपाङ्गता भएका महिलाहरुलाई बराबर व्यवहार | १२ |
|  | ७. अपाङ्गता भएका बालबालिकाहरुलाई बराबर व्यबहार | १३ |

# यस पुस्तकमा के रहेको छ


पेज नं



८. अपाङ्गताको बारेमा जानकारी १४




९. पहुँचयुक्तता १७



१०. बाँच्न पाउने अधिकार २०




११. सङ्कट र आपतकालीन अवस्था २१



१२. कानुनको नजरमा सबै बराबर हुने २२



१३. न्यायसम्बन्धी अधिकार २५



१४. स्वतन्त्र र सुरक्षित जीवनको अधिकार २६

# यस पुस्तकमा के रहेको छ

पेज नं




१५. यातना तथा क्रूरतापूर्वक व्यवहार गर्न नपाइने २९




१६. दुरूपयोग वा दुर्व्यवहार गर्न नपाइने ३०



१७. अपाङ्गता भएका व्यक्तिहरूलाई पहिला एक व्यक्तिको रूपमा हेर्नुपर्ने ३३



१८. घुमफिरको अधिकार ३४



१९. स्वतन्त्रतापूर्वक बाँच्न तथा समाजमा समावेश हुन पाउने ३६



२०. हिँड्डुल ३८

# यस पुस्तकमा के रहेको छ


पेज नं



२१. विचार र अभिव्यक्तिको अधिकार र सूचनामा पहुँच — ४०



२२. गोपनीयताको हक — ४२



२३. घर र परिवारको सम्मान — ४३



२४. शिक्षा — ४६




२५. स्वास्थ — ५०



२६. पुनर्स्थापना — ५२



२७. काम र रोजगार — ५४

# यस पुस्तकमा के रहेको छ



पेज नं



२८. गुणस्तरीय जीवनको अधिकार ५९



२९. राजनीतिमा सहभागिता ६२



३०. खेलकुद र मनोरञ्जन ६४



३१. सूचना ६८



३२. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने देशहरुबीच सहकार्य ६९




३३. महासन्धि लागू गर्नू ७१



३४. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि समिति निर्माण ७२

# यस पुस्तकमा के रहेको छ

पेज नं




३५. सहभागी पक्ष देशहरुको प्रतिवेदन ७३





३६. प्रतिवेदनमा के हुन्छ ७४





३७. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने देशहरु र समितिहरुबीच सहकार्य ७६





३८. समितिको अन्य कार्यलयसँगाको सम्बन्ध ७७






३९. समितिको प्रतिवेदन ७८





४०. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने देशहरुको सम्मेलन ७९

# यस पुस्तकमा के रहेको छ

पेज नं




४१. सूचना तथा प्रतिवेदन अभिलेखको जिम्मेवारी ८०



४२. महासन्धिमा हस्ताक्षर ८१



४३. महासन्धि र स्वीकृति ८२



४४. देशहरूको संगठन समूह ८३




४५. यो महासन्धि कहिलेबाट लागू हुनेछ ? ८४



४६. सम्झौताको पालना गर्ने ८५



४७. यस महासन्धिको हेरफेर ८६

# यस पुस्तकमा के रहेको छ



पेज नं



४८. महासन्धिबाट अलग्ग हुन चाहेमा ८७



४९. पहुँचयुक्त सूचना ८८



५०. यो महासन्धि अन्य भाषामा ८९

# १. यस महासन्धिमा



यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि अरु व्यक्तिहरु बराबर अधिकार पक्का गर्न पक्ष देशहरूले के गर्नुपर्दछ भनेर निर्देशन गर्दछन् (भन्दछन्) ।

# २. यस महासन्धिमा भएका शब्दहरूको अर्थ के हो ?




**सञ्चार** भन्नाले अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न तरिकाबाट कुरा गर्ने र बुझ्ने तरिका हो । उदाहरणका लागि कम्प्युटरहरू, बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि चित्र सहित सरल ठूला छापा अक्षर (Easy to read) हुन्।

---



**अन्याय** भन्नाले छुट्याएर गर्ने व्यवहार वा अपाङ्गता भएका कारणले तपाईंले आफ्ना इच्छा पुरा गर्न नपाउने भन्ने बुझिन्छ ।



**भाषा** भन्नाले मानिसहरूले आपसमा कुरा गर्ने माध्यम हो, जसमा साङ्केतिक भाषा (हातको हाउभाउबाट गरिने सङ्केत) समेत पर्दछ ।

# ३. आधारभूत सिद्घान्तहरु



आफ्ना लागि कुनै कुरा आफैँ छान्न व्यक्तिहरू स्वतन्त्र हुन्छन् ।

---



अन्याय गर्न नहुँने (कसैलाई पनि भेदभाव गरिने छैन) ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अरु व्यक्ति बराबर समाजमा सहभागी हुने अधिकार हुन्छ ।



अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अवस्था अनुसार सम्मान गरिनेछ ।

---



सबैलाई बराबर अवसरहरू हुनुपर्दछ ।

---




सेवा, सुविधा, अवसर पाउन सबै जनाको बराबर अधिकार हुन्छ ।



पुरुष र महिलालाई बराबर अवसरहरू हुनुपर्दछ।

---



अपाङ्गता भएका बालबालिकाहरूलाई हुर्कने क्रममा उनीहरूको अवस्था अनुसार सहयोग र सम्मान गर्नुपर्दछ।

## ४. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले के गर्नु पर्दछ ?



सबै देशहरूले अरु व्यक्तिहरू बराबर अपाङ्गता भएका व्यक्तिहरुलाई बराबर व्यवहार हुनेछ भन्ने पक्का गर्नु पर्ने ।

**यसका लागि तिनिहरू निम्न कुराहरू गर्न सहमत छन्:**





अपाङ्गता भएका व्यक्तिहरूको अधिकार पक्का गर्न नयाँ नियम, कानुन बनाउने र कुनै कानुन उचित छैन भने परिवर्तन गर्ने ।

---




अपाङ्गता भएका व्यक्तिहरूलाई बराबर व्यवहार गर्नुपर्छ भन्ने कुरा सबै कानुनमा लेख्ने ।



यस महासन्धिबिरुद्ध कुनै काम नगर्ने ।

---



सरकार र सम्बन्धित निकायले यस महासन्धिमा भएका काम गर्ने छन् भन्ने पक्का गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई कसैले भेदभाव नगरोस् भन्ने पक्का गर्न सरकार र सम्बन्धित निकायले सक्दो प्रयास गर्ने ।



सबैले प्रयोग गर्न मिल्ने अथवा सजिलै परिवर्तन गरी प्रयोग गर्न मिल्ने सामग्रीहरूको निर्माण गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत गर्न नयाँ प्रविधि जस्तैः टिभि, मोबाइल एप्सको प्रयोग गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई मद्दत पुग्ने सामग्रीका बारेमा बुझ्न सजिलो हुने सूचना दिने ।



यस सहमतिका बारेमा प्रशिक्षण र तालिम दिने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई अरु व्यक्ति बराबर आवास, शिक्षा र स्वास्थ्यलगायतमा पहुँचका लागि सबै देशले सक्दो प्रयास गर्ने ।

---



नयाँ नीति नियम बनाउँदा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउने ।

# ५. समानता



कानुनको नजरमा सबै जना बराबर हुन्छन् र अपाङ्गता भएका व्यक्तिहरूलाई अन्याय गर्न नपाइने भन्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरु सहमत छन् ।

# ६. अपाङ्गता भएका महिलाहरुलाई बराबर व्यवहार



अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई अन्याय गरिन्छ भन्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरु सहमत हुने ।

---



अपाङ्गता भएका महिला तथा बालिकाहरूको कसैले रोकतोक नगर्ने बराबर अधिकार भएको पक्का गर्न पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले काम गर्नुपर्ने ।

# ७. अपाङ्गता भएका बालबालिकाहरुलाई बराबर व्यबहार



अरु बालबालिकाहरू बराबर अपाङ्गता भएका बालबालिकाहरूको पनि बराबर अधिकार हुने र उनीहरूलाई पनि बराबर व्यवहार गरिनुपर्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरु सहमत छन् ।

---



बालबालिकाका सबै कामहरुमा बालबालिकाको इच्छा अनुसार गर्नुपर्छ ।

अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरूको जीवनमा सम्बन्ध राख्ने सबै कुरा सुन्न पाउने अधिकार हुन्छ र यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले सहयोग गर्नुपर्ने ।

# ट. अपाङ्गताको बारेमा जानकारी




अपाङ्गता भएका व्यक्तिहरूको पनि अरु व्यक्ति बराबर बराबर अधिकार हुन्छ भनेर सबैलाई सचेत गराउनुपर्ने कुरामा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरु सहमत छन् । अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्यसरह काम गर्न सक्छन् भन्ने देखाउन पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले उचित कदम चाल्नुपर्ने छ ।

**यसका लागि तल उल्लेखित बमोजिम काम गर्नुपर्ने:**



अपाङ्गता भएका व्यक्तिहरूप्रति सकारात्मक धारणाका लागि अभियान चलाउने ।



अपाङ्गता भएका व्यक्तिहरूले गर्न सक्ने विभिन्न कामका बारेमा जानकारी दिने ।



अपाङ्गता भएका व्यक्तिहरूको पनि अरु व्यक्ति बराबर अधिकार हुन्छ भन्ने कुरा सबै बालबालिकालाई पढाउने र सिकाउने ।




रेडियो, टि.भि, युटुब लगायत अन्य सञ्चार माध्यमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढङ्गले देखाइनुपर्ने ।



अपाङ्गताको जानकारी सम्बन्धी कामहरू गर्न मद्दत गर्ने ।


# ९. पहुँचयुक्तता

पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूको जीवनको सम्पूर्ण पक्षमा सहज पहुँच पक्का गर्नुपर्ने ।





सरकारी संरचनाहरू, जस्तैः अस्पताल, विद्यालय र यातायातमा सहज पहुँच पुऱ्याउने ।

---




सूचनामा सहज पहुँच पुऱ्याउने ।

---



सङ्केतहरू सचित्र सरल ठूला छापा र ब्रेल लिपिमा बनाउनुपर्ने ।



सरकारी संरचनाहरूमा धेरै जना व्यक्तिगत सहयोगी र साङ्केतिक भाषाका दोभाषे उपलब्ध गराउनुपर्ने ।

---




सरकारी सेवामा कसरी सहज पहुँच गराउन सकिन्छ भन्ने सम्बन्धमा निर्देशिका बनाउनुपर्ने ।

---



वैशाखी, ह्विलचियर, थेरापी जस्ता सेवा दिने कार्यालयहरुले अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि कार्यक्रम बनाउनुपर्ने ।



पहुँचयुक्तता सम्बन्धी तालिमहरु दिनु पर्ने ।

---



नयाँ मोबाइल एप्स, कम्प्युटर जस्ता प्रविधिहरू अपाङ्गता भएका व्यक्तिहरूले सजिलोसँग पाउनुपर्ने ।

# १०. बाँच्न पाउने अधिकार



अपाङ्गता भएका व्यक्ति लगायत सबै व्यक्तिमा बाँच्न पाउने अधिकार हुन्छ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अरु बराबर खान, बाच्न र पढ्नका लागि बराबर अवसरको पक्का पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले गर्नुपर्ने।

# ११. सङ्कट र आपतकालीन अवस्था




आपतकालीन अवस्था, जस्तै : आँधीबेहरी, भूकम्पमा अपाङ्गता भएका व्यक्तिहरूको प्रभावकारी सुरक्षाको पक्का गर्नुपर्ने ।

# १२. कानुनको नजरमा सबै बराबर हुने



अपाङ्गता भएका व्यक्तिहरूलाई अरु व्यक्ति बराबर कानुन हुनुपर्दछ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अरु बराबर मुख्य निर्णयहरू आफैं लिने अधिकार हुन्छ।

निर्णय लिने बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई सक्दो मद्दत गर्नुपर्दछ।

---




सांकेतिक भाषा, स्पर्श ब्रेल, टेकटाइल, चित्र सहित सरल ठूला छापा जस्ता अपाङ्गता भएका व्यक्तिको सञ्चारका लागि नियम बनाई सहयोगीको व्यवस्था गर्नुपर्दछ।

## अपाङ्गता भएका व्यक्तिहरूको तलका कुरामा बराबर अधिकार हुन्छ ।



सम्पति कमाउन तथा प्राप्त गर्ने ।

---



आफ्नो सम्पत्ति किनबेच गर्न भाडामा दिन वा नदिन ।

---



अरु व्यक्ति बराबर पैसा सापटी माग्न सक्ने ।



अपाङ्गता भएका व्यक्तिको घर र पैसा अरुवाट चोरिन नहुने ।

# १३. न्यायसम्बन्धी अधिकार



अपाङ्गता भएका व्यक्तिहरूको पनि अरु व्यक्ति बराबर अदालत जान, अरूलाई सहयोगीको रूपमा अदालत लैजान अथवा अदालतमा हुने गतिविधिका बारेमा जानकारी लिन र सहभागी हुन पाउने बराबर अधिकार हुन्छ।

---



यी सबै अधिकार प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिलाई सक्दो सहयोग गर्नुपर्ने।

---



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशले अदालत, प्रहरी तथा कारागारका कर्मचारीहरूलाई विशेष तालिम प्रदान गर्नुपर्ने।

# १४. स्वतन्त्र र सुरक्षित जीवनको अधिकार



अपाङ्गता भएका व्यक्तिहरू पनि अरु व्यक्ति बराबर सुरक्षित र स्वतन्त्र हुनुपर्दछ ।

---



कानुनले व्याख्या गरेको भन्दा बाहेक अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भएकै कारणले थुनामा राख्न पाइँदैन ।

यदि अपाङ्गता भएका व्यक्तिलाई थुनामा राखियो भने, त्यस्तो अवस्थामा यस महासन्धि अनुसार व्यवहार गरिनुपर्दछ ।




अरू अन्तर्राष्ट्रिय कानुनमा उल्लेख गरिएका अधिकारहरूमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अरु व्यक्ति बराबर अधिकार हुन्छ। यो सम्झौताले ती अधिकारहरूको सूची तय गरेको छैन तर तल उल्लेखित अधिकारहरू त्यस भित्र राखिएको छ।

**यो सम्झौताले ती अधिकारहरूको सूची तय गरेको छैन तर तल उल्लेखित अधिकारहरू समावेश गरेको छः**



उनीहरूको अधिकारका बारेमा उनीहरूले बुझ्ने तरिकाबाट जानकारी दिने।



अन्याय परेको मानिसको अदालतबाट निष्पक्ष सुनुवाइ प्राप्त गर्न सहयोग गर्ने ।

---



अन्य व्यक्ति बराबर उनीहरूले पनि मुद्दा दर्ता गराउन पाउने ।

# १५. यातना तथा क्रूरतापूर्वक व्यवहार गर्न नपाइने



अपाङ्गता भएका व्यक्तिहरूलाई अन्यायपूर्ण व्यवहार तथा कुटपिट गर्न नपाइने ।

---



अपाङ्गता भएका व्यक्तिहरूमा उनीहरूको स्वतन्त्र एवं सहमतिबाहेक स्वास्थ्यसम्बन्धी चिकित्सकीय प्रयोग गर्न पाइँदैन ।

---



माथि उल्लेखित कुराहरू नहोउन् भन्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले सक्दो कार्यक्रमहरू गर्नुपर्दछ ।

# १६. दुरूपयोग वा दुर्व्यवहार गर्न नपाइने




अपाङ्गता भएका व्यक्तिहरू घरमा तथा बाहिर सुरक्षित रहून् तथा उनीहरू बिरुद्ध कुनै पनि प्रकारको हिंसा तथा दुर्व्यवहार नहोस् भन्ने पक्का गर्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अनिवार्य रूपमा कानुन तथा नियमहरू बनाउनुपर्दछ ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई नराम्रा काममा लगाउन बाट रोक्नका लागि देशहरूले सक्दो प्रयास गर्नुपर्दछ । साथै, आवश्यक सूचना तथा उजुरी कसरी गर्ने भन्ने बारेमा उनीहरूलाई सहयोग गर्नुपर्दछ ।



अपाङ्गता भएका व्यक्तिहरूको सहयोगका लागि प्राप्त हुने सेवाहरूको प्रभावकारी जाँच तथा दुरूपयोग नहोस् भन्ने पक्का गर्न सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले गर्नुपर्दछ।

---



अन्यायमा परेका र दुर्व्यवहार गरिएका अपाङ्गता भएका व्यक्तिहरूले सक्दो सहयोग प्राप्त गरून् तथा दुर्व्यवहार गरिएका अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित र सान्त्वनाका लागि सहयोग र मद्दतको पक्का गर्न सबै पक्ष देशहरुले गर्नुपर्दछ।



अन्याय गरेको पत्ता लगाउने कार्यालयबाट अपराधीहरु अदालतसम्म पुगुन् भन्ने कुराको पक्का सबै पक्ष देशहरुले गर्नुपर्दछ।

---



विशेषगरी, अपाङ्गता भएका महिला तथा बालबालिकालाई गरिने शोषण र अन्यायका बारेमा सबै देशले अनिवार्यरूपमा सोच्नुपर्दछ।

# १७. अपाङ्गता भएका व्यक्तिहरूलाई पहिला एक व्यक्तिको रुपमा हेर्नुपर्ने



अपाङ्गता भएका व्यक्तिहरूका दिमाग र शरीर उनीहरूकै हुन र अरु बराबर अपाङ्गता भएका व्यक्तिहरूले पनि सोही अवस्थामा सम्मान पाउनुपर्दछ ।

# १८. घुमफिरको अधिकार

## अपाङ्गता भएका व्यक्तिहरूको तल उल्लेखित अधिकारहरू हुन्छन्



आफू कहाँ बस्ने भन्ने कुराको निर्णय आफैँ लिने तथा अरु व्यक्ति बराबर हिड डुल गर्ने ।

---



देशको नागरिक हुने र अपाङ्गता भएकै कारणले अरु ठाउँमा लगेर राख्न नपाइने ।

अरु व्यक्ति बराबर सरकारी कागजातहरू, जस्तैः राहदानी, नागरिकता आदि प्राप्त गर्ने ।



आफ्नो देश र अन्य देशहरु छोड्न पाउने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई जन्मदेखि नै नामको अधिकार, देशको नागरिक हुने अधिकार र सकेसम्म आफ्नै अभिभावकहरूबाट हेरचाह र स्याहार पाउने अधिकार ।

# १९. स्वतन्त्रतापूर्वक बाँच्न तथा समाजमा समावेश हुन पाउने



अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अरु व्यक्ति बराबर समाजमा बाँच्ने तथा समाजको हिस्सा हुने भन्नेबारे बराबर विकल्पहरू प्राप्त होस् भन्नेमा सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले पक्का गर्नुपर्दछ ।

**अपाङ्गता भएका व्यक्तिहरूले तल उल्लेखित कुराहरू छनोट गर्न सक्नेछन्:**



अरु व्यक्ति बराबर कहाँ बस्ने भन्ने ।



अरु व्यक्ति बराबर कोसँग बस्ने भन्ने ।

---



इच्छाविपरीत छात्रावास (होस्टल) लगायतका ठाउँहरूमा राख्न नहुने ।

---



व्यक्तिगत सहयोगीलगायत अरु सेवाहरू उपलब्ध गराउने ।

अरु व्यक्ति बराबर राम्रो सेवाको छनोट र सेवाहरूको प्राप्ति ।

# २०. हिँडडुल




अपाङ्गता भएका व्यक्तिहरूले पनि अरु बराबर स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने पक्का सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले गर्नुपर्दछ।

**उनीहरुले तल उल्लेखित अधिकारहरू पक्का गर्नुपर्ने :**



अपाङ्गता भएका व्यक्तिहरूलाई हिँड्डुल गर्न सहयोग गर्ने।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई हिँड्डुल गर्नका लागि पहुँचयुक्त (उपयुक्त) सहायक सामग्री सहयोग गर्ने।



त्यस्ता सहयोगी सामग्रीहरू महँगो नहोस् भन्ने पक्का गर्ने ।

---



त्यस्ता सामाग्री बनाउने निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका सबै पक्षमा ध्यान दिन प्रोत्साहन गर्ने ।

# २१. विचार र अभिव्यक्तिको अधिकार र सूचनामा पहुँच




पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूले अन्यसरह जानकारी प्राप्त गर्ने र दिने अधिकार र आफूले चाहेको कुरा भन्न पाउने अधिकारको पक्का गर्नुपर्छ।

**यस अन्तर्गत निम्न कुराहरू पर्दछन् :**



आफूलाई उपयुक्त हुने माध्यमबाट जानकारी प्राप्त गर्ने, जस्तैः बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सचित्र सरल ठूला छापाका पाठ्य सामग्री।

---



साङ्केतिक भाषा, ब्रेल लिपि जस्ता अरु माध्यमबाट सूचना दिने।



अन्य सेवा प्रदान गर्ने निकायहरूलाई अपाङ्गतामैत्री भाषामा सूचना प्रदान गर्नका लागि अनुरोध गर्ने ।

---



इन्टरनेटलगायतका सञ्चार माध्यमलाई पनि अपाङ्गतामैत्री भाषामा सूचना प्रदान गर्नका लागि अनुरोध गर्ने ।

---



साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिने ।

# २२. गोपनीयताको हक



अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत जीवनको अधिकार हुन्छ, जसमा कसैले पनि रोक लगाउनु गर्नुहुँदैन ।

---




पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत जानकारी अरु व्यक्ति बराबर गोप्य र सुरक्षित रहने कुराको पक्का गर्नुपर्छ ।

# २३. घर र परिवारको सम्मान



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूको विवाह, परिवार र व्यक्तिगत सम्बन्धको अधिकार प्राप्त गरेको पक्का गर्नुपर्छ ।

**यसका लागि पक्ष देशहरूले निम्न कुरा पक्का गर्नुपर्छ :**



अपाङ्गता भएका व्यक्तिहरूको पनि विवाह गर्ने र परिवार सुरु र बच्चा जन्माउने गर्ने अधिकार हुने ।

---



आफ्ना सन्तानको सङ्ख्या र अन्तरका बारेमा निर्णय लिने अधिकार अपाङ्गता भएका व्यक्तिहरूसँग रहन्छ र उनीहरूको इच्छाविपरीत परिवार नियोजन गर्न नपाइने ।



अपाङ्गता भएका व्यक्तिहरूको बच्चा पाउने योजना र त्यसका लागि आवश्यक जानकारी पाउने अधिकार हुने ।

---



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूका सन्तानको स्याहार सुसारमा सहयोग गर्नुपर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको परिवारबाट अलग गर्न नपाउने र पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारलाई सहयोग गर्ने ।



अपाङ्गता भएका
बालबालिकाको अधिकारलाई
पहिलो प्राथमिकतामा
राख्नुपर्ने ।

---




अपाङ्गता भएका
बालबालिकालाई उनीहरूका
अभिभावकहरुको मात्र
सहमतिमा उनीहरूको
इच्छाविपरीत वा कानुनले
उनीहरूको तीव्र इच्छा छ भनी
प्रमाणित नगरी परिवारबाट
अलग गर्न नपाइने ।

# २४. शिक्षा



अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार हुन्छ ।

**पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरूले अपाङ्गता भएका व्यक्तिहरूको मूलप्रवाहका विद्यालय जान पाउने अधिकार पक्का गर्नुपर्छ जसले गर्दा :**




---




अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो क्षमता विकास गरी विश्वमा आफ्नो स्थान बनाउन सक्छन् ।



अपाङ्गता भएका व्यक्तिहरू शिक्षाबाट वञ्चित हुँदैनन् ।

---



अपाङ्गता भएका व्यक्तिहरू पनि अरु व्यक्ति बराबर राम्रो स्थानीय विद्यालयमा निःशुल्क शिक्षा लिन सक्छन् ।

---




अपाङ्गता भएका व्यक्तिहरूले पढ्ने इच्छा सकेसम्म पूरा गर्न सक्छन् ।



अपाङ्गता भएका व्यक्तिहरूलाई सिकाइका लागि सकेको सहयोग हुन्छ ।

---



आवश्यकता अनुसार ब्रेल लिपि, टि.भि, रेडियो लगायतका अन्य आवश्यक सञ्चारका माध्यमहरूबाट सिकाइको अवसर प्रदान हुन्छ ।

---



साङ्केतिक भाषा सिकाउने र साङ्केतिक भाषालाई सञ्चारको माध्यम बनाउने ।



बहिरा र दृष्टिबिहीन व्यक्तिहरूका आवश्यकता अनुसारको सिकाइका लागि उपयुक्त अनुकुल शिक्षा र सहयोग गर्ने ।

---



शिक्षकहरूसँग उचित सीप र कला भएको पक्का गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूले चाहेमा शिक्षामा निरन्तरताका लागि सकेको सहयोग गर्ने ।

# २५. स्वास्थ




अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार नियोजन सेवासहित सहज र राम्रो स्वास्थ्य सेवामा पहुँचको अधिकार हुन्छ ।

## यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरूले



अरु व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सहज स्वास्थ्य सेवाको पक्का गर्ने ।

अपाङ्गता भएका कारणले उनीहरूले पाउनुपर्ने सबै स्वास्थ्य सेवा उपलब्ध भएको पक्का गर्ने ।



यस्ता सेवाहरू सकेसम्म अपाङ्गता भएका व्यक्तिहरू बस्ने ठाउँ नजिक उपलब्ध गराउने ।

अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई सेवा गर्न लगाउने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य र जीवन बीमा जस्ता सेवामा अन्याय नहुने पक्का गर्ने ।


अपाङ्गता भएकै कारणले उनीहरूलाई स्वास्थ्य सेवाबाट अन्याय नगरिएको पक्का गर्ने ।

# २६. पुनर्स्थापना



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूलाई स्वावलम्बन र स्वस्थ जीवन बाँच्नका लागि सकेसम्म सहयोग गर्नुपर्छ र त्यसका लागि शिक्षा, काम र अरू सुविधा प्रदान गर्नुपर्ने ।

---



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूलाई सुरुबाटै पहिचान गरी उनीहरूको क्षमता र आवश्यकता अनुसार सेवा सुविधा प्रदान गर्ने ।

---




यस्ता सेवाहरू सकेसम्म अपाङ्गता भएका व्यक्तिहरू बस्ने ठाउँ नजिक उपलब्ध गराउनुपर्ने ।




यस्ता सेवा प्रदान गर्ने कर्मचारीलाई राम्रो काम गर्नका लागि तालिम दिनुपर्ने ।

---



पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिने सहयोग र उपकरणहरू पाउन सहयोग गर्नुपर्ने ।

# २७. काम र रोजगार



अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूको कामको अधिकार हुन्छ ।

**पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले अपाङ्गता भएका व्यक्तिहरुले काम प्राप्त गरुन् भन्नका लागि निम्न कुरा गर्नुपर्दछ ।**




रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरूलाई अरु व्यक्ति बराबर व्यवहार गरियोस् भन्नका लागि कानुन बनाउने ।



अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूलाई बराबर काम गरेबापत बराबर तलब पाउने अधिकार पक्का गर्ने ।

---




अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूको पेशागत सङ्गठनमा संलग्न हुने अधिकार पक्का गर्ने ।

---




अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीसम्बन्धी कार्यक्रम तथा तालिममा सहभागी हुन पाउने अधिकार पक्का गर्ने ।



अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्न, काममा निरन्तर हुन र राम्रा कामका अवसरहरू प्राप्त गर्न सहयोग गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै काम सुरु गर्न सहयोग गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी कार्यालय तथा अस्पताल जस्ता सार्वजनिक स्थानमा रोजगारीको अवसर प्रदान गर्ने ।

निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्राप्त गर्न सहयोग गर्ने ।



अपाङ्गता भएका व्यक्तिहरूलाई काम गर्ने उचित वातावरण पक्का गर्ने ।

---




अपाङ्गता भएका व्यक्तिहरूलाई काम सिक्न सहयोग गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूलाई पुनः काममा फर्कन सहयोग गर्ने ।



अपाङ्गता भएका व्यक्तिहरूलाई बिनातलब काम गर्न बाध्य नपार्ने अवस्था पक्का गर्ने ।

# २८. गुणस्तरीय जीवनको अधिकार



अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारका लागि गाँस, बास, कपास, शुद्ध खाने पानीलगायतका सुविधासहितको गुणस्तरीय जीवनस्तर जीउने अधिकार हुन्छ ।

अरु व्यक्तिसरहको जीवनस्तर जीउनका लागि अपाङ्गता भएका व्यक्तिहरूले सहयोग पाउनुपर्दछ ।

**यसका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरूले निम्न कुराको पक्का गर्नुपर्दछ :**



अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूले खरिद गर्न सक्ने मूल्यमा सेवा तथा सामग्रीहरू प्राप्त गर्न सक्ने ।




अपाङ्गता भएका व्यक्तिहरू, विशेषगरी महिला, बालबालिका र ज्येष्ठ नागरिकको राम्रो जीवनस्तरका लागि सहयोग गर्ने ।

---



गरिबीमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको आयआर्जन बढाउनका लागि सहयोग गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक आवास कार्यक्रममा पहुँच बढाउने ।



अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूले अवकाशपछि पाउने पेन्सनलगायतका सुविधाहरूमा पहुँच बढाउने ।

# २९. राजनीतिमा सहभागिता



अपाङ्गता भएका व्यक्तिहरूको अरु व्यक्ति बराबर राजनीतिमा सहभागी हुने अधिकार हुन्छ ।

---




अपाङ्गता भएका व्यक्तिहरूको मतदान गर्ने अधिकार निम्न अनुसार हुनेछ :

- मतदान गर्ने प्रक्रिया सजिलो र बुझिने हुनुपर्दछ ।
- गोप्य मतदानको व्यवस्था हुनुपर्दछ ।

---



आवश्यकता परेमा उनीहरूले चाहेको तरिकामा मतदान गर्न पाउने वातावरण पक्का गर्ने ।



अपाङ्गता भएका व्यक्तिहरू गैर सरकारी संस्था तथा राजनीतिक दलमा सहभागी हुनपाउने वातावरण पक्का गर्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरू अपाङ्गतासम्बन्धी काम गर्ने संस्थामा सहभागी हुनसक्ने ।

---



अपाङ्गता भएका व्यक्तिहरूको पनि सांसदलगायतका मन्त्रीका रूपमा उठ्न पाउने अधिकार हुन्छ ।

# ३०. खेलकुद र मनोरञ्जन




अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूको पनि खेलकुद र मनोरञ्जनात्मक कार्यमा सहभागी हुन पाउने अधिकार हुन्छ ।

**पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरूले अपाङ्गता भएका तल दिइएका कुराहरू गर्न पाएका पक्का गर्न :**





पहुँचयुक्त सामग्रीहरू, जस्तैः किताबहरू तयार गर्ने ।

---



पहुँचयुक्त टेलिभिजन, चलचित्रघर, नाटकघर बनाउने ।




संग्राहलय सबैका लागि पहुँचयुक्त हुनु पर्ने ।

---



कलाकार हुने अधिकार ।

---




अपाङ्गता भएका व्यक्तिहरूलाई सामग्री, जस्तैः पुस्तक वा चलचित्रमा पहुँचका लागि नियम र कानुनले अप्ठ्यारो बनाउन नहुने ।



बहिरा तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको विवाह व्रतवन्ध लगायतका कार्यहरुमा सहभागिताको अधिकार बराबर गर्नुपर्ने ।

---




अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्य खेलकुदमा सहभागी हुन सहयोग र समर्थन गर्नुपर्ने ।

---



अपाङ्गता विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरू सहभागी हुन सक्ने छन् ।



खेलकुद तथा मनोरञ्जनात्मक स्थानहरू पहुँचयुक्त बनाउने ।

---



अपाङ्गता भएका व्यक्तिहरूको पनि अरु व्यक्ति बराबर पहुँच पुऱ्याउने ।

# ३१. सूचना



यो महासन्धि सम्पन्न गर्न चाहिने सूचनाहरू पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले जम्मा गर्नुपर्ने ।

---




व्यक्तिगत सूचनाहरू गोप्य राख्नुपर्ने ।

अरु व्यक्ति बराबर अपाङ्गता भएका व्यक्तिहरूले पनि सङ्कलित सूचनाहरूमा सजिलोसँग हेर्न पाउनुपर्दछ ।

# ३२. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुबीच सहकार्य

**महासन्धि सम्पन्न होस् भन्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरूले साझेदारका रूपमा तल लेखिएका कामहरू सागै गर्ने छन्** :



सँगै काम गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नुपर्दछ ।

---




पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले आफ्ना अनुभव तथा तालिमका बारेमा जानकारी दिने, जसले गर्दा सबै व्यक्तिले राम्रोसँग काम गर्न सकून् ।



महासन्धि पुरा गर्नका लागि गर्ने कार्यहरुको सूची बनाउने ।

---



महासन्धि पुरा गर्नका लागि निर्माण गरिएको समुहमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समावेश गर्ने ।

# ३३. महासन्धि लागू गर्नू

**यो महासन्धि लागु गर्न सरकारले तल दिइएका कामहरू गर्नु पर्ने**



छुट्टै समूहको निर्माण गर्ने ।

---



महासन्धि सम्पन्न गर्नका लागि गर्ने कार्यहरूको सूची बनाउने

---



महासन्धि सम्पन्न गर्नका लागि निर्माण गरिएको समूहमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्ने ।

# ३४. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि समिति निर्माण



महासन्धि लागू भए/नभएको पक्का गर्नका लागि संयुक्त राष्ट्रसंघको मातहतमा रही विशेष समिति निर्माण गर्ने ।

# ३५. सहभागी पक्ष देशहरुको प्रतिवेदन




सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशले महासन्धि कार्यान्वयनका लागि गरेका कामको प्रतिवेदन बनाई महासन्धिमा हस्ताक्षर गरेको २ वर्षभित्र संयुक्त राष्ट्रसंघीय सिआरपिडी समितिमा पेश गर्नुपर्नेछ।

---




त्यसपछि महासन्धिमा हस्ताक्षर गरेका पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले प्रत्येक ४ वर्षमा समिति समक्ष प्रतिवेदन बुझाउने छन् र समितिले मागेका बेला थप प्रतिवेदन पनि बुझाउने पर्नेछ।

---



प्रतिवेदनमा के-कस्ता सूचना समावेश गर्ने भन्ने कुराको निर्णय समितिले गर्ने छ।

# ३६. प्रतिवेदनमा के हुन्छ




समितिले प्रतिवेदन हेरिसकेपछि देशहरूले के गर्ने भन्ने बारेमा सुझाव दिनेछ र थप सूचनाहरू पनि माग्न सक्नेछ।

---




प्रतिवेदन बुझाउन ढिलो भएमा समितिले चेतावनीसहित ३ महिनाको समय थप गर्नेछ तथा यही अवधिमा के भइरहेको छ भन्ने बारे हेर्न सक्नेछ।

---




सबै देशले सबै प्रतिवेदन हेर्न पाउने छन्।



सबै देशले आफ्नो प्रतिवेदन तथा समितिका सुझाब आफ्ना नागरिकले हेर्न पाउने पक्का गर्नुपर्दछ।

समितिले प्रतिबेदन विभिन्न बिभाग र संस्थाहरुमा पठाई आवश्यक सुझाव लिन सक्नेछ।

# ३७. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने देशहरु र समितिहरूबीच सहकार्य



सबै पक्ष देशले समितिसँग मिलेर काम गर्नेछन् तथा समितिलाई चाहिएका सूचना उपलब्ध गराउने छन् ।

---



महासन्धिको राम्रो कार्यान्वयनका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशसँग कसरी काम गर्ने भन्ने बारे समितिले बिचार गर्ने छ ।

# ३८. समितिको अन्य कार्यलयसँगको सम्बन्ध



महासन्धिको कार्यान्वयनका लागि सबै देश तथा संस्थाले मिलेर काम गर्नुपर्ने छ।

---



विभिन्न कार्यलय तथा संस्थालाई बोलाई समितिले सुझाव लिन सक्नेछ।

---



समितिले मानव अधिकारका क्षेत्रमा काम गर्ने अरु संस्थालाई उनीहरूले गरेका काम महासन्धि अनुरूप कसरी पर्छन् भन्ने बारे प्रतिवेदन माग्न सक्नेछ।

# ३९. समितिको प्रतिवेदन




समितिले पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुबाट सुझाव लिएर के गर्नुपर्दछ भन्ने कुरा समेटेर प्रत्येक २ वर्षमा महासभा तथा आर्थिक तथा सामाजिक परिषद्मा प्रतिवेदन बुझाउनुपर्ने छ ।

# ४०. पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुको सम्मेलन



महासन्धि अन्तर्गतका कामका बारेमा विचार गर्नका लागि पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुको बैठकहरू प्रायः हुनेछ।

---




पहिलो बैठक काम सुरु भएको ६ महिनाभित्र बस्नेछ। त्यसपछिको बैठक कहिले बस्ने भन्ने महासचिवले व्यवस्थापन गर्ने छन्।

# ४१. सूचना तथा प्रतिवेदन अभिलेखको जिम्मेवारी



सबै सूचना प्रतिवेदन तथा काम गरेका कागजहरु संयुक्त राष्ट्रसंघका महासचिवले राख्ने छन् ।

# ४२. महासन्धिमा हस्ताक्षर



सबै देशले ३० मार्च २००७ बाट मुख्य कार्यालय न्युयोर्कमा यस महासन्धिमा हस्ताक्षर गर्न सक्नेछन् ।

# ४३. महासन्धि र स्वीकृति



त्यसपछि यो सम्झौतामा हस्ताक्षर गरेका देशले यसलाई कहिलेबाट लागू गर्ने भन्ने बारे निर्णय गर्दछन् ।

# ४४. देशहरूको संगठन समूह



केही देश युरोपियन युनियन जस्ता संगठनमा गाँसिएका छन् । त्यस्ता संगठनहरूले महासन्धिमा सहमत हुन तथा आफ्ना कुरा राख्न पाउनेछन् ।

# ४५. यो महासन्धि कहिलेबाट लागू हुनेछ ?




२० वटा देश सहमत भएको ३० दिनपछि यो महासन्धि लागू हुनेछ ।

# ४६. सम्झौताको पालना गर्ने



यस महासन्धिको महत्वपूर्ण भागमा कुनै आरक्षण राख्न पाइने छैन ।


# ४७. यस महासन्धिको हेरफेर



सबै पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले यस महासन्धिमा हेरफेर माग गर्न सक्नेछन् । यसका लागि उनीहरूले संयुक्त राष्ट्रसंघका महासचिवलाई पत्र लेख्नुपर्ने छ । महासचिवले अरु देशलाई पत्रका बारे जानकारी दिनेछन् ।

यदि कुनै नयाँ विषयमा छलफल र पारित गर्न बैठकको आवश्यकता परेमा पक्ष (महासन्धिमा हस्ताक्षर गर्ने) देशहरुले निर्णय गर्न सक्नेछन् ।

# ४८. महासन्धिबाट अलग हुन चाहेमा





यस महासन्धिबाट अलग हुन चाहेमा संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिनुपर्दछ। लिखित सूचना दिएको १ वर्षपछि यस महासन्धिबाट अलग हुन सकिनेछ।

# ४९. पहुँचयुक्त सूचना



यो महासन्धि सजिलैसँग पढ्न र बुझ्न सक्ने भाषामा उपलब्ध गराइने छ ।

# ५०. यो महासन्धि अन्य भाषामा



यो महासन्धि अरबी, चिनीया, अँग्रेजी, फ्रान्सेली, रुसी भाषामा प्रकाशित हुनेछ र ती सबै बराबर महत्वका हुनेछन् ।



